"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

### भूमि प्रशासन सेवा सञ्चालन सम्बन्धमा

सूचना प्रकाशन मिति २०८३।०५।२२

यस नमोबुद्ध नगरपालिका अन्तर्गत भूमि व्यवस्थापन शाखाबाट मिति २०८३/०५/२४ गते देखि भूमि प्रशासन सम्बन्धी सेवा सुचारु हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।यस नगरपालिकाबाट हालको लागि भूमि प्रशासन सम्बन्धी तपसिलका सेवा प्रवाह गरिने बेहोरा समेत अनुरोध छ ।

तपसिलः

जग्गाको स्वामित्व हस्तान्तरण सम्बन्धी लिखत पारित वा निर्णय गर्दा कारणीले पेश गरेको जग्गाधनी प्रमाण पुर्जामा जग्गाधनीको विद्युतिय फोटो, औंठाछाप र दस्तखत तथा जग्गाधनी संकेत नम्बर, अंग्रेजी अक्षर प्रोपटी मेल (पि.एम) वा प्रोपटी फिमेल (पि.एफ) वा प्रोपटी थर्ड जेन्डर (पि.टि) र सो पछि नौ वटा अंक मिली बनेको ल्याण्ड ओनर आइडेन्टिफिकेसन नम्बर (एल.आई.एन.) उल्लेख भएको जग्गाधनी प्रमाणा पुर्जा भएको आधारमा गर्न सकिने कामको विवरण

क) जग्गा सम्बन्धि कारोबारको लिखत पारित गर्ने सम्बन्धी कार्य (आवास इकाई र गुठी अधिनस्थ जग्गाको मोही हकको समेत)

| क्र.सं. | लिखतको प्रकार |
|---|---|
| (अ) | प्राकृतिक व्यक्ति र प्राकृतिक व्यक्तिका बीचमा हुने लिखत |
| १. | राजीनामा |
| २. | हकहिस्सा राजीनामा |
| ३. | दर्ताफारी |
| ४. | सगोलनामा |
| ५. | हकछोडपत्र |
| ६. | दानपत्र |
| ७. | हालैदेखिको बकसपत्र |
| ८. | शेषपछिको बकसपत्र |
| ९. | जग्गा सहितको अष्टलोह |
| १०. | सट्टापट्टा (सट्टापट्टा हुने दुबै जग्गा स्थानीय तहको आफ्नो कार्यक्षेत्र भित्र पर्ने भएमा) |
| आ) | अशंवन्डा तथा अंश भरपाई लिखतः<br>स्थानीय तहको आफ्नो कार्यक्षेत्र भएको जग्गा अंशवन्डा तथा अंश भरपाईको लिखत |
| इ) | आफ्नो स्थानीय तहको दर्ता तथा नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्था र |

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| | सदस्यबीच हुने बन्धकी लिखत |
| ई | व्यक्तिगत दृष्टिबन्धकी (बैङ्क, वित्तिय संस्था र आफ्नो स्थानीय तहको दर्ता तथा नियमन क्षेत्राधिकार बाहिर परेका सहकारी संस्थाको बन्धकी लिखत बाहेक) लिखत |

ख) **गैर जग्गा कारोबारको लिखत (सम्बन्धित स्थानीय तहभित्र ठेगाना भएका सेवाग्राही भएमा मात्र)**

| क्र.सं. | लिखतको प्रकार |
|---|---|
| १. | अंशवण्डा, अंश भरपाई तथा अंशछोडपत्र |
| २. | करारनामा |
| ३. | मानो छुट्टिएको |
| ४. | मानो जोडिएको |
| ५. | मञ्जुरीनामा |
| ६. | अख्तियारनामा |
| ७. | घर बहाल |
| ८. | कपाली तमसुक |
| ९. | फलोपभोग |
| १०. | जग्गा बाहेकको अष्टलोह |
| ११. | अन्य लिखत |

ग) **घर जग्गाको स्वामित्व हस्तान्तरण सम्बन्धी अन्य कार्य**

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट लेखी आए अनुसार कसूरजन्य सम्पत्ति नेपाल सरकारका नाममा कायम गर्ने,

घ) **जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँड सम्बन्धि कार्य**

भूमी प्रशासन कार्यालयको निर्णय कार्यान्वयन गर्ने,

ङ) **अपुताली (नामासारी) सम्बन्धी कार्य**

आफ्नो स्थानीय तहभित्र स्थायी ठेगाना भएका हकदारहरुमा हुने अपुताली (नामसारी) सम्बन्धी निर्णय गर्ने,

च) **प्रतिलिपि जारी सम्बन्धी कार्य**

क्षेत्रीय नापी किताब, प्लट रजिष्टर वा नक्साको प्रमाणित प्रतिलिपि जारी गर्ने,

छ) **विवरण संशोधन तथा अद्यावधिक सम्बन्धी कार्य**

१. घर कायम सम्बन्धी
२. घर पातालसम्बन्धी
३. भूउपयोग क्षेत्र वर्गिकरण

ज) **लगतकट्टासम्बन्धी कार्य**

१. जग्गाधनीको मञ्जुरी निवेदनका आधारमा कुनै ससिम कित्ता जग्गा नेपाल सरकार बाटो कायम हुने

सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, पर्यटन र व्यापार; समृद्ध नमोबुद्धको आधार"

# नमोबुद्ध नगरपालिका

नमोबुद्ध नगरपालिका

ན་མོ་བུདྡྷ་ན་གར་པ་ལི་ཀ

## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

२. यस अनुसूचीको खण्ड (क) को उपखण्ड (आ) बमोजिमको अंशवण्डा वा अंशभरपाई लिखतका आधारमा नेपाल सरकार बाटो कायम हुने ।

झ) गुठी स्थापना

मुलुकी देवानी संहिता, २०७४ को दफा ३१६ बमोजिम गुठी स्थापना सम्बन्धी

ञ) नापी नक्सासम्बन्धी कार्य

१. कित्ता नापी नक्सा प्रिन्ट तथा बिक्री गर्ने,

२. कित्ताकाट वा कित्ता एकीकरण गर्ने,

३. फिल्ड रेखाङ्कन (जग्गा छुट्टाउने)

४. नक्सा अद्यावधिक (नक्सामा घर, बाटो वा अन्य पूर्वाधार कायम) गर्ने ।

ट) राजश्व असुली तथा बाँडफाँटसम्बन्धी कार्य

आर्थिक ऐन अनुसार पूँजीगत लाभकर, सम्बन्धित प्रदेश आर्थिक ऐन अनुसार असुल हुनुपर्ने, रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगायतका रकम सङ्कलन तथा बाँडफाँट गर्ने।

ठ) डोर खटाउने सम्बन्धी कार्य

यस अनुसूचीको पहिलो चरणको खण्ड (क) देखि खण्ड (झ) सम्मका कार्यको दस्तखत तथा ल्याप्चे सहीछापका लागि डोर खटाउन सक्ने ।

ड) भूमि प्रशासन कार्यालयमा पठाउने

नगरपालिकाले चाहेमा जग्गाधनी प्रमाण पुर्जामा जग्गाधनीको विद्युतिय फोटो, औंठाछाप र दस्तखत तथा जग्गाधनी संकेत नम्बर (ल्याण्ड ओनर आइडेन्टिफिकेसन नम्बर- एल.आई.एन.) नभएमा वा यस अनुसूचीको खण्ड (क) देखि खण्ड (झ) सम्म उल्लेख भएको कामहरु बाहेकका बाँकी सबै किसिमका कामका लागि आफैले संचालन गरेको भूसेवा केन्द्रबाट कागजात तयार गरी उक्त कागजात सहित बाँकी कामका लागि सम्बन्धित भूमि प्रशासन कार्यालयमा पठाउन सक्नेछ ।

२०८२।५।२२
सुषमा महता के.सी.
प्रमुख प्रशासकीय अधिकृत